दुधौली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

दुधौली, सिन्धुली

बागमती प्रदेश, नेपाल

प.स.: २०८१/०८२

च.नं.:

## जडिवुट्टी, कवाडी र जिवजन्तु लगायतका वस्तुहरुको व्यवसायीक उपयोग तथा निकासी कर संकलन व्यवस्थापनका लागि दरभाउपत्र आह्वान सम्बन्धी सूचना।

**तेश्रो पटक सूचना प्रकाशित मिति : २०८१/०४/३०**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ घ (६)मा भएको व्यवस्था "दुधौली नगरपालिकाको आन्तरिक आय संकलन कार्यविधि,२०७५" तथा दुधौली नगरपालिकाको आर्थिक ऐन,२०८१ बमोजिम आ.व. २०८१/०८२ को आन्तरिक आय संकलनको लागि देहायको शीर्षकमा कर तथा शुल्क असूली सम्बन्धी काम ठेक्काद्वारा गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानूनी प्रकृया पुरा गरेका योग्य फर्महरुले दरभाउपत्र खरीद गरी तोकिएको मिति र समय भित्र सिलबन्दी दरभउपत्र पेश गर्नुहुन अनुरोध छ।

**आन्तरिक आय ठेक्का विवरण**

| ठेक्का नं. | आयको विवरण | न्युनतम अङ्क -मु.अ.कर बाहेक | उपयोग तथा निकासी शुल्क दर प्रति इकाई | दरभाउ पत्र फारम दस्तुर | धरौटी/ जमानत रकम |
|---|---|---|---|---|---|
| ०४/२०८१/८२ | जडिवुट्टी, कवाडी र जिवजन्तु लगायतका वस्तुहरुको व्यवसायीक उपयोग तथा निकासी कर संकलन (काठजन्य वस्तु निकासी बाहेक) | ३,००,०००।- अक्षेरुपी तिन लाख रुपैयां मात्र | दुधौली नगरपालिकाको आर्थिक ऐन, २०८१ बमोजिम | रु.१,०००।- | मु.अ.कर सहित कुल कबोल अङ्कको ५ प्रतिशतले हुन आउने रकम वा कम्तिमा १२० दिन म्याद भएको बैंक जमानत |

**आय ठेक्का सम्बन्धी शर्तहरुः-**

- ठेक्काको दरभाउपत्र फारम खरीदको लागि यस कार्यालयको राजश्व शाखाबाट दरभाउपत्र बापत जारी भएको नगदी रसिद वा दुधौली नगरपालिका नगरकार्यपालिकाको कार्यालयको नाममा नेपाल बैंक लिमिटेड दुधौली शाखामा रहेको आन्तरिक राजश्व खाता नं. २५२०३०००००१००१००००००१, राजश्व शिर्षक नं.१४२२९ मा दाखिला गरेको सक्कल बैंक भौचर, फर्म वा कम्पनी दर्ता प्रमाणपत्र, आ.व.२०७९/०८० को लागि फर्म वा कम्पनी नविकरण भएको व्यवसाय दर्ता प्रमाणपत्र प्रतिलिपी, स्थानीय तहमा व्यवसाय करमा दर्ता नविकरण भएको प्रमाणपत्र प्रतिलिपी, करचुक्ता प्रमाणपत्र प्रतिलिपी, मु.अ.कर दर्ता प्रमाणपत्र प्रतिलिपी सहित निवेदन पेश गरी सूचना प्रकाशन भएको मितिले ७ दिन मिति २०८१/०५/०४ गते कार्यालय समय भित्र दरभाउपत्र फारमहरु दुधौली नगरकार्यपालिका कार्यालयबाट खरीद गर्न सकिने छ।
- दरभाउपत्रमा आधिकारिक व्यक्तिले सहिछाप गरी सिलबन्दी दरभाउपत्र फारम भरी ८औं दिन मिति २०८१/०५/०५ गते दिनको मध्यान्न १२:०० बजे भित्र पेश गरिसक्नुप पर्नेछ र पेश भएका सिलबन्दी दरभाउपत्रसोही दिनको दिउँसो २:०० बजे कार्यालयको प्रतिनिधी एवम् ठेकेदारहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ। दरभाउपत्र दाताका प्रतिनिधीहरु अनुपस्थित रहेमा पनि दरभाउपत्र खोलिनेछ। दरभाउपत्र खरीद वा दर्ता गर्ने अन्तिम दिन विदा परेमा सो सम्बन्धी कार्य कार्यालय खुलेको दिन क्रमशः गरिनेछ।
- सिलबन्दी दरभाउपत्रका साथ फर्मले आफुले कबोल गरेको अंकको पाँच प्रतिशत रकम धरौटी बापत दुधौली नगरकार्यपालिकाको कार्यालयको नाममा नेपाल बैंक लिमिटेड, दुधौली शाखामा रहेको धरौटी खाता नं. २५२०३००००३००००००००३ मा जम्मा गरेको सक्कल भौचर वा सिलबन्दी दरभउपत्र दाखिला गर्ने अन्तिम मितबाट १२० दिनसम्म म्याद भएको क वर्गको वाणिज्य बैंकबाट यस कर्यालयको नाममा जारी गरिएको जमानत(Bid Bond) सक्कल प्रति दरभाउपत्र साथ संलग्न गरी पेश गर्नु पर्नेछ। उक्त धरौटी रकमलाई किस्तामा समावेश गरिने छैन साथै उक्त धरौटी रकम प्रचलित कानून बमोजिम फिर्ता गरिने छ।

२०८१/०४/३०

प्रमुख प्रशासकीय अधिकृत

दुधौली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

दुधौली, सिन्धुली

बागमती प्रदेश, नेपाल

दुधौली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुधौली, सिन्धुली
बागमती प्रदेश, नेपाल
२०७३

प.स.: २०८१/०८२

च.नं.:

- दरभाउपत्र फारममा कबोल रकम अंक र अक्षरमा केरमेट नगरी स्पष्टसँग लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिईनेछ । म्याद नाघी वा रीत नपुगी प्राप्त भएको दरभाउपत्र उपर कुनै कार्वाही गरिने छैन ।
- यो ठेक्काको अवधी ठेक्का सम्झौता भएको मिति देखि २०८२ साल असार मसान्त सम्म हुनेछ ।
- ठेकेदारले सम्झौताको समयमा ठेक्का अनुसारको रकम एकमुष्ट बुझाउनु पर्नेछ  एकमुष्ट रकम बुझाउन नसकेमा निम्न तालिका बमोजिमको किस्तामा ठेक्का बापतको रकम बुझाउनु पर्नेछ ।

| किस्ता | किस्ता बुझाउने समय | रकम रु. मा |
|---|---|---|
| पहिलो | ठेक्का सम्झौताको बखत | कबोल अंकको २५ प्रतिशतले हुन आउने रकम |
| दोश्रो | २०८१ साल माघ मसान्त सम्ममा | कबोल अंकको ४० प्रतिशतले हुन आउने रकम |
| तेश्रो | २०८२ साल बैशाख मसान्त सम्ममा | कबोल अंकको ३५ प्रतिशतले हुन आउने रकम |

- यो सूचनामा उल्लेख नभएको कुराहरु दुधौली नगरपालिकाको आन्तरिक आय संकलन(ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधी,२०७५ बमोजिम हुनेछ ।
- थप जानकारीको लागि यस कार्यालयको वेभसाईट www.dudhaulimun.gov.np र कार्यालयको फोन नं. ०४७-४१२०५२ मा सम्पर्क गर्न सकिने छ ।

२०८१/०८/३०

दीवान झा

निमित्त प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत